# लिसंखु पाखर गाउँपालिका

## गाउँ सभाको १८ औँ अधिवेशनमा

## उपाध्यक्ष मिठू देवी लामाज्यूले

### प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८२/०८३ को

# विनियोजन ऐन

१० असार २०८२

# लिसंखु पाखर गाउँपालिकाको

## विनियोजन ऐन

## २०८२

**लिसंखु पाखर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**अत्तरपुर, सिन्धुपाल्चोक**

# लिसंखु पाखर गाउँपालिकाको विनियोजन ऐन, २०८२

**प्रस्तावना :**लिसंखु पाखर गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन वा सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी लिसंखु पाखर गाउँपालिकाको गाउँसभाले यो सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी यो ऐन बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम ‘‘लिसंखु पाखर गाउँपालिकाको विनियोजन ऐन, २०८२’’ रहेको छ।

(२) यो गाउँ सभाबाट पारित भएको मितिदेखी लागु हुनेछ।

**२. परिभाषा :**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) ‘‘ऐन’’ भन्नाले लिसंखु पाखरगाउँपालिकाको संशोधित विनियोजन ऐन २०८२ सम्झनुपर्दछ।

(ख)‘‘कार्यपालिका’’ भन्नाले लिसंखु पाखर गाउँपालिकाको कार्यापालिका सम्झनुपर्दछ।

(ग)‘‘गाउँपालिका’’ भन्नाले लिसंखु पाखर गाँउपालिका सम्झनुपर्दछ।

(घ)‘‘सभा’’ भन्नाले लिसंखु पाखर गाउँ सभा सम्झनुपर्दछ।

(ङ)‘‘संविधान’’ भन्नाले नेपालको संविधान सम्झनुपर्दछ।

(च)‘‘संचित कोष’’ भन्नाले लिसंखु पाखर गाउँपालिकाको संचित कोष सम्झनु पर्दछ।

(छ)‘‘विनियोजन’’ भन्नाले सभा द्धारा विभिन्न कार्यहरुको लागि विभिन्न शिर्षकमा खर्च गर्न विनियोजन भएको भएको रकम सम्झनु पर्दछ।

**३. आर्थिक बर्ष २०८२/०८३ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार :**

आर्थिक बर्ष २०८२/०८३ को निम्ति गाउँपालिकाको कार्यालय, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा कार्यहरुको निमित्त अनुसुची-१ मा उल्लिखित चालु खर्च र पुँजीगत खर्च रकम समेत गरी जम्मा रकम रु**. ५६ करोड ५२ लाख १७ हजार १ सय ५१ रुपैया रहेको छ।**

**४. विनियोजन:**

(१) यस ऐनद्धारा संचित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त लिसंखु पाखर गाउँपालिकाको कार्यालय, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यापालिका, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५% (प्रतिशत) मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ। पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजन रकम साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५% (प्रतिशत) भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत वा अनुमोदन लिनु पर्नेछ।

(४) यस बमोजिमका कार्यक्रमका शीर्षकमा विनियोजित रकम खर्च नहुने अवस्थामा सो को कारण र आधार खोली त्यस्तो कारण र आधार समेतलाई आधार मानी कार्यपालिकाले खर्च हुने अर्को शीर्षकमा त्यस्तो रकम रकमान्तर गर्न सक्नेछ तर रकमान्तर गर्ने त्यस्तो निर्णयलाई सभाबाट अनुमोदन गर्ने पर्नेछ।

(५) सभाद्धारा स्वीकृत कार्यक्रममध्ये कुनै कार्यक्रम चैत्र मसान्तसम्ममा संचालन हुन नसक्ने भनी कार्यपालिकामा सर्वसम्मत निर्णय भएमा यस्तो स्वीकृत कार्यक्रममा विनियोजित रकम अर्को स्वीकृत कार्यक्रमको शीर्षकमा रकमान्तर गरी खर्च गर्न सक्नेछ।

(६) कार्यपालिकाले योजना तथा कार्यक्रम संशोधन गर्नुपरेमा सम्पूर्ण योजना संख्याको १०% (प्रतिशत) मा नबढ्ने गरी २०८२ चैत्र मसान्तसम्ममा संशोधन गर्ने निर्णय गर्न सक्नेछ।

(७) समपुरक कोषमा विनियोजित रकम संघ र प्रदेश सरकारबाट समपुरक अनुदान कुनै किसिमले प्राप्त हुन नसकेमा पनि सभाले स्वीकृत गरेको कार्यक्रममा खर्च गर्न कुनै बाधा पर्ने छैन।

**५. कार्यविधि बनाई लागु गर्न सक्ने : यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाबाट आवश्यक कार्यविधि वा मापदण्ड स्वीकृत गरी लागु गर्न सक्नेछ।**

**६. खारेजी र बचाउ :**

(१) यो पारित भई लागु भए पछि विनियोजन ऐन, २०८१, खारेज हुनेछ।

(२) विनियोजन ऐन,२०८१ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**अनुसुची-१**

(दफा ३ सँग सम्बन्धित)

नेपालको संबिधानको धारा २२९ (२) बमोजिम

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका (वडा समेत) | ८ करोड ८२ लाख | २२ करोड ७३ लाख ६३ हजार १ सय ५१ रुपैया | | ३१ करोड ५५ लाख ६३ हजार १ सय ५१ |
| २. | वित्तीय हस्तान्तरण | | | | |
| | क.नेपाल सरकार | १७ करोड ३३ लाख | २ करोड ४३ लाख | ० | १९ करोड ७६ लाख |
| | ख. प्रदेश सरकार | १ करोड ५० लाख ५४ हजार | ३ करोड ७० लाख | ० | ५ करोड २० लाख ५४ हजार |
| | जम्मा | २७ करोड ६५ लाख ५४ हजार | २८ करोड ८६ लाख ६३ हजार १ सय ५१ रुपैया | ० | ५६ करोड ५२ लाख १७ हजार १ सय ५१ रुपैया |

प्रस्तुतकर्ता
मिठू देवी लामा
उपाध्यक्ष